# बजेट वक्तव्य २०८३।०८४

गौमुखी गाउँपालिका गाउँसभाका अध्यक्षज्यू

गाउँसभाका सदस्यज्यूहरू ।

१) गौमुखी गाउँपालिका गाउँसभाको २१ औं अधिवेशनमा गौमुखी गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष ०८३/८४ को वार्षिक बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।

२) सर्वप्रथम प्रजातन्त्र, लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको विभिन्न जनक्रान्तिहरूका साथै भ्रष्टाचार अन्त्य र सुशासन स्थापनाको आकांक्षासहित पछिल्लो पटक युवापुस्ताले गरेको विद्रोहमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

विभिन्न कालखण्डमा भएका जनसङ्घर्षहरूमा बेपत्ता, घाइते तथा अपाङ्गता भएका योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु । साथै राजनीतिक व्यवस्था परिवर्तन र जनाधिकारका लागि आफ्ना आवाज मुखरित गर्दै महत्वपूर्ण योगदान पुर्याउने दिदीबहिनी दाजुभाईहरुलाई अभिनन्दन गर्न चाहन्छु ।

३) आगामी आर्थिक वर्षको वार्षिक बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिगदर्शन २०७४,अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारका नीति, कार्यक्रम, मार्गदर्शन र निर्देशनहरू, गौमुखी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन, गाउँसभा र गाउँ कार्यपालिकाले बनाएका विभिन्न ऐन र कानुनहरू, राजस्व परामर्श समितिका निर्णय र प्रतिवेदन, गाउँ कार्यपालिकाका निर्णयहरू र

स्थानीय राजनीतिक दल, नागरिक समाज संघसंस्था एवं सरोकारवालाहरूबाट प्राप्त भएका पृष्ठपोषण एवं सुझावहरुलाई आधार बनाएको छु।

४) गौमुखी गाउँपालिकालाई प्राप्त हुने सम्भाव्य स्रोतसाधनहरूको समुचित परिचालन गरी "समृद्ध गौमुखी खुसी गौमुखीबासी"को लक्ष्य हासिल गर्न आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका विषयगत कार्यक्रम र आयोजनाहरू तर्जुमा गरिएको छ।

असंख्य आवश्यकता र समस्याहरू साथै नागरिकका असीमित माग र चाहनाहरूलाई पूरा गर्न गाउँपालिकासँग भएको सिमित स्रोत र साधनको अधिकतम सदुपयोग गर्न समस्या र आवश्यकताहरूको व्यावहारिक र मापनयोग्य पहिचान र वैज्ञानिक प्राथमिकीकरण गर्ने प्रयासका साथ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिएको छ।

सभाध्यक्ष महोदय

अब म गौमुखी गाउँपालिकाको चालु आर्थिक वर्ष ०८२/८३ को आजको मिति सम्मको बजेट कार्यान्वयनको समीक्षा एवं आय व्ययको यथार्थ अवस्था प्रस्तुत गर्दछु।

५) चालु आर्थिक वर्ष ०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न ५० करोड १ लाख ३७ हजार ४८४ रुपैयाँ विनियोजन भएकोमा हालसम्म गाउँपालिकाको स्थानीय सञ्चित कोषमा जम्मा ४२ करोड ७४ लाख ७३ हजार ६ सय ९८ प्राप्त भएको छ।

विभिन्न क्षेत्रगत कार्यक्रम र आयोजनाहरूमा

जम्मा ३२ करोड २९ लाख ९० हजार ६ सय ५५ खर्च भएको छ। वार्षिक आयव्यय अनुमान अनुसार स्थानीय सञ्चित कोषमा ७ करोड २५ लाख ६७ हजार ७ सय ८१ प्राप्त हुन बाँकी छ

भने गौमुखी गाउँपालिकाको स्थानीय सञ्चित कोषमा १० करोड ४४ लाख ८३ हजार ४३ मौजदात रहेको छ।

सभाध्यक्ष महोदय

अब म गौमुखी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८३/८४ को वार्षिक बजेटको क्षेत्रगत विनियोजन र कार्यक्रमहरू प्रस्तुत गर्दछु।

६) आर्थिक विकास र गरिबी निवारणमा छिटो प्रतिफल दिने उत्पादनमूलक आयोजनाहरूलाई प्राथमिकतामा राखी किसानलाई उत्पादनका आधारमा अनुदान दिने कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ। कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिककरण र यान्त्रिकरणको माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न, तरकारीमा आत्मनिर्भर हुने नीतिलाई कार्यान्वयन गर्नको लागि बजेट प्रबन्ध गरिएको छ।

७) कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरणलाई प्रोत्साहन गर्न, बाली तथा पशुवीमा कार्यक्रम, प्राकृतिक विपद, रोग र विभिन्न जोखिमहरूबाट कृषकहरुलाई आर्थिक सुरक्षा र राहतका लागि आकस्मिक बाली संरक्षण कोष सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८) डाँटे ओखर, किवी, एभोकाडो, कागती, अम्बा, सुन्तला लगायतका फलफुलहरूको बिरुवा वितरण गरी उच्चमूल्यका बाली र फलफुल खेतीलाई व्यवस्थित गर्न "एक घर एक फलफुलको बोट" कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९)  रैथाने र पोषणयुक्त तरकारी बालीको उत्पादन वृद्धि गरी नागरिकको स्वास्थ्य, पोषण र आयआर्जन वृद्धि गर्न "एक घर एक करेसाबारी कार्यक्रम" सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

यो अभियानमा सहभागी संस्था लगायतका विभिन्न संघसंस्थाहरू, प्रदेश सरकार र संघीय सरकारका निकायहरूसँग पनि साझेदारी र सहकार्य गरिनेछ।

१०)  हानिकारक वन्यजन्तुहरूबाट कृषकले लगाएका बालीनाली जोगाउन बाँदर नियन्त्रण कार्यक्रम सञ्चालन गर्न रु ७ लाख विनियोजन गरेको छु। समुदाय र सरोकार वालाहरूसँगको सहकार्यमा बाँदर नियन्त्रण अभियान सञ्चालन गरिनेछ।

११)  रैथाने बालीहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने गाउँपालिकाको नीतिलाई कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ। बिउ उत्पादनको उद्देश्य सहित रायो खेती पकेट विस्तार कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१२)  किसानको खेतबारीमा कृषि तथा पशुसेवा प्राविधिकहरू पुगेर बाली तथा पशुउपचार सेवा, भ्याक्सिनेसन, पशु बाझोपन निवारण, पशु आहारा व्यवस्थापन, परजीवी एवं ढुसी नियन्त्रण लगायतका कृषिसँग सम्बन्धित परामर्श सेवा उपलब्ध गराउन, पशु औषधि, भ्याक्सिनेसन, पशु स्वास्थ्य शिविर, जुनेतिक रोग नियन्त्रण, हिउँदे तथा बर्खे घाँस व्यवस्थापन, पशु उत्पादनमा आधारित अनुदान कार्यक्रम लगायतका पशुसेवासँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्न जम्मा रु १५ लाख बिनियोजन गरेको छु। दुग्ध उत्पादन वृद्धि गर्न भैंसी पर्बर्धन कार्यक्रम सन्चालन गरिनेछ। यसका लागि ५ लाख ९० हजार बिनियोजन गरिएको छ।

१३) सिँचाइका लागि प्लास्टिक पोखरी, बिउ वितरण,कृषि उत्पादनमा आधारित अनुदान, बाली उपचार शिविर, बाली रोग र किरा नियन्त्रण लगायतका क्रियाकलापहरू सञ्चालन गर्न १५ लाख विनियोजन गरेको छु।

१४) उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न २० लाख ९४ हजार बजेट प्रबन्ध गरिएको छ। "एक घर एक सिपयुक्त जनशक्ति" र "बेरोजगारलाई रोजगार उत्पादनलाई बजार" भन्ने गाउँपालिकाले लिएको नीतिलाई सार्थक बनाउन रोजगार शाखा र उद्यम विकास शाखा मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन हुनेछन्।

१५) सहकारी संस्थाहरुको संस्थागत विकास गरी गरीबी निवारण,आयआर्जन वृद्धि लगायतका कामहरुमा परिचालन गर्न सहकारी पर्बधन कार्यक्रम संचालन गरिनेछ। यस्को लागि ३ लाख बजेट बिनियोजन गरेको छु। गरिबी निवारण कोषले स्थापना गरेका सामुदायिक संस्थाहरुमा रहेका घुम्तीकोषलाई आवश्यक कार्यबिधी बनाई परिचालन र नियमन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ।

१६) चाडपर्व, मेला महोत्सव र विभिन्न सभ समारोहहरूमा प्लास्टिकजन्य मालाको प्रयोगलाई निरुत्साहन गर्दै प्राकृतिक फूलको माला मात्र प्रयोग गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पुष्प खेती प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरिएको छ।

१७) गौमुखी गाउँपालिकामा उपलब्ध कृषि प्राविधिक जनशक्तिसहित गौमुखी मावि ठुलाबेसीमा बाली विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूको ज्ञान तथा प्रयोगात्मक सीपलाई

समेत परिचालन गरी गाउँपालिका स्तरमा नर्सरी स्थापना र सञ्चालन गर्न आवश्यक पर्ने बजेट व्यवस्था गरेको छु ।

१८) गौमुखी गाउँपालिकामा रहेका गौमुखी,बाइस मूल झरना, झाक्रीढुङ्गा, तामाखानी, गोद्रेचौर तपस्या बस्ने लेक, नाङ्गी लेक, तामेश्वर शिवालय, टोप्रेगुफा, नारीकोट देउराली, रानीताल,दहबसे, कैलाशदह लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसार एवं प्रवर्धन गर्न पर्यटन पर्बधन शिर्षकमा रु ३ लाख बिनियोजन गरेको छु ।

## सामाजिक विकास क्षेत्र

१९) गौमुखी गाउँपालिकाको सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्न शिक्षा क्षेत्रका विभिन्न कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। गौमुखी गाउँपालिकाको १० वर्षीय गाउँ शिक्षा योजनाको लक्ष्य अनुसारका क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न उक्त बजेट खर्च हुनेछ ।

२०) गौमुखी गाउँपालिकाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा गरेको निर्णय अनुसार विद्यालयहरूमा आवश्यकता अनुसारको दरबन्दी पदपुर्ति नहुन्जेलसम्मको लागि गाउँपालिका अनुदानका शिक्षकहरूको व्यवस्थापन गर्दा हुने खर्च, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ताहरुलाई गाउँपालिकाबाट थप्नुपर्ने दायित्व समेत गरी जम्मा २ करोड ७४ लाख बजेट विनियोजन गरेको छु । गाउँपालिका अनुदान शिक्षकहरूको तलबमानमा १०% वृद्धि गरिएको छ भने कार्यालय सहयोगी, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ताहरुको तलबमा एकमुष्ट रु २००० ले वृद्धि गरेको छु । शिक्षक, बिद्यालय कर्मचारी, बालविकास सहजकर्ताको तलब भत्तामा गाउँपालिकाको सञ्चित कोषबाट १५ करोड ४६ लाख खर्च हुने अनुमान गरेको छु ।

२१)  विभिन्न कारणले विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरू र निरक्षर नागरिकहरूलाई सामुदायिक सिकाई केन्द्रमार्फत सिकाई क्रियाकलापहरूमा सहभागी गराइनेछ । सामुदायिक सिकाई केन्द्रहरूबाट निरन्तर शिक्षा, आयआर्जन,पूर्ण साक्षरता दिगोपना अभियान जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। सामुदायिक सिकाई केन्द्रका सहजकर्ताहरुको मासिक तलबमा १०% वृद्धि गरी आवश्यकपर्ने बजेट बिनियोजन गरेको छु ।

२२)  कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रम र कक्षा ५ को पाठ्यपुस्तक प्रकाशन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु ।

२३)  शैक्षिक क्यालेण्डरका आधारमा शैक्षिक गतिविधि सञ्चालन गर्ने, अभिभावक शिक्षा, विद्यालय अनुगमन, वि.द्यालय व्यवस्थापन समितिको भूमिकालाई प्रभावकारी बनाउने,शिक्षकहरूको विषयगत दक्षता अभिवृद्धि गर्ने क्षमता विकास तालिम, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थी सम्मान,प्रधानाध्यापकहरुको नियमित बैठक एवं समिक्षा लगायतका कार्यक्रम सञ्चालन गर्न आवस्यक बजेट विनियोजन गरेको छु ।

२४)  शैक्षिक सत्र २०८३ देखि कक्षा आठको परीक्षालाई आधारभूत शिक्षाको गाउँपालिका स्तरीय परीक्षाको रुपमा सञ्चालन गरिनेछ । परीक्षालाई गुणस्तरीय बनाउन, प्रश्नपत्र कार्यशाला, परीक्षा सञ्चालन र व्यवस्थापनका लागि रु ८ लाख विनियोजन गरेको छु ।

२५)  गौमुखी माध्यमिक विद्यालयमा सञ्चालन गरिएको विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिएको छु। गौमुखी माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन लगायतका कामहरुलाई व्यवस्थित गर्न आवश्यक समन्वय गरिनेछ । यस विद्यालयसँगको साझेदारीमा स्कुल बस सेवा सञ्चालन गर्न रु २५ लाखको बजेट प्रस्ताव गरेको छु ।

२६)    गाउँपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरूमा आवश्यक कक्षाकोठा व्यवस्थापनको लागि गाउँ शिक्षा योजना अनुसार निर्माण कार्य प्रारम्भ भएका विद्यालय भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा पूर्णता दिने गरी बजेट व्यवस्था  गरिएको छ।

२७)  आगामी आर्थिक वर्षदेखि गौमुखी आधारभूत अस्पताल सञ्चालन गर्ने गाउँपालिकाको नीति कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण र जनशक्ति व्यवस्थापन गर्न संघ र लुम्बिनी प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। गौमुखी आधारभूत अस्पत्तालको लागि रु १ करोड प्रस्ताव गरेको छु।

२८)   गौमुखी आधारभूत अस्पतालबाट विशेषज्ञ चिकित्सकीय सेवा प्रदान गर्न विभिन्न विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ। "हरेक हप्तामा डाक्टर जनताको दैलोमा" अभियान अन्तर्गत स्वास्थ्य सेवाको पहुँच नागरिकको घरघरमा पुऱ्याउन घुम्ती स्वास्थ्य सेवा, स्वास्थ्यकर्मी घरभेट, नियमित गर्भजाँच, खोप कार्यक्रम,स्वास्थ्य स्वयंसेविका र आमा समूह परिचालन, समुदायमा स्वास्थ्य सेवा लगायतका क्रियाकलापहरु सञ्चालन गर्न जम्मा रु ३० लाख विनियोजन गरेको छु।

२९)   नागरिक आरोग्य केन्द्र, प्राथमिक आँखा उपचार केन्द्र लगायतका स्वास्थ्य सेवालाई एकीकृत रुपमा सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरूबाट उपचारात्मक, प्रवर्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ। मृगौला प्रत्यारोपण र डायलासिस, क्यान्सर रोगी, मेरुदण्डको पक्षघातका बिरामीहरूलाई मासिक रु. ५००० सहायता उपलब्ध गराउन आवश्यक बजेट प्रबन्ध गरेको छु।

३०)	पूर्ण संस्थागत सुत्केरी दिगोपनाका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ। मातृशिशु स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले गर्भवती तथा सुत्केरीलाई प्रदान गरिने पौष्टिक आहार प्याकेज कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ। सुरक्षित प्रसुती, पोषण सुरक्षा र स्वास्थ्य सेवाको उपयोग वृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३१)	खेल प्रतिभाहरूको पहिचान र विकास गर्न विभिन्न खेल गतिविधिहरू सञ्चालन गरिनेछ। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन गर्न रु ११ लाख विनियोजन गरेको छु।

३२)	विद्यालय स्तरमा इन्डोर गेमको तयारीका लागि प्रशिक्षकको व्यवस्था गरिनेछ। भलिबल र एथलेटिक्समा गौमुखीबाट राम्रा खेल प्रतिभा उत्पादन गर्ने क्रियाकलाप संचालन गरिनेछन्। खेल सामग्री व्यवस्थापन, खेल क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्य, विभिन्न खेलकुद प्रतियोगिता संचालन, खेलमैदान निर्माण तथा व्यवस्थापन जस्ता कार्यक्रमहरूका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

३३)	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति लगायत लैङ्गिक समानता तथा सामाजिक सामाजिक समावेशीकरण सम्बन्धी नीतिले लक्षित वर्ग भनी पहिचान गरेका समुदायको सशक्तिकरण र मूल प्रवाहीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्। छुवाछुत तथा जातीय भेदभाव न्यूनीकरण, बालश्रमको अन्त्य, घरेलु हिंसा अन्त्य, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, आदिवासी जनजाति पहिचान र सीप विकास, ग वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन कार्यक्रम,

महिलाहरूका लागि आयआर्जन कार्यक्रम सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न रु २५ लाख बजेट विनियोजन गरेको छु ।

३४)  बालविवाह एक जल्दो बल्दो सामाजिक समस्याको रुपमा रहेको छ । बालविवाह न्यूनीकरणका लागि अभियानात्मक रुपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसका लागि रु १० लाख बजेट प्रबन्ध गरिएको छ ।

३५)  सामाजिक सुरक्षा भत्तालाई वडा स्तरमा वितरण गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ। गौमुखी गाउँपालिकामा आगामी आर्थिक वर्ष ०८३/८४ मा १२ करोड रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण हुने अनुमान गरेको छु ।

३६)  न्यायमा आम नागरिकको पहुँच अभिवृद्धि, मेलमिलापका माध्यमबाट विवाद समाधान, मेलमिलापकर्तालाई तालिम र क्षमता विकास, समुदायमा न्यायिक तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन,न्यायिक समितिबाट हुने क्रियाकलापहरुलाई थप व्यवस्थित बनाई स्थानीय न्यायिक समितिको क्षेत्राधिकार अन्तर्गत रहेका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न रु १५ लाख विनियोजन गरेको छु ।

३७)  गौमुखी गाउँपालिकाभित्र रहेका विभिन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरूको यथार्थ अवस्था अध्ययनसहित तथ्याङ्क सङ्कलन गरिनेछ। अपाङ्गता परिचयपत्रलाई लाभग्राहीहरूको घरदैलोमै पुऱ्याउने कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट प्रबन्ध गरेको छु ।

३८)   लक्षित समूहहरूको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न लक्षित समूहहरूको गाउँपालिका स्तरीय सञ्जाल र वडा स्तरीय सञ्जालहरू गठन गरी परिचालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## पूर्वाधार विकास

३९)   गौमुखी गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेको हरिया खोलादेखि अर्खा आराबारेसम्मको सडक स्तरोन्नति गर्ने योजनालाई संघीय र प्रदेश समपुरक योजनाको रुपमा बजेट व्यवस्थापन गरिएको छ।

सडकको माथिल्लो सिमानाबाट स्तर उन्नति कार्य गर्ने योजना आराबारे–अर्खा–लिवासे सडक स्तरउन्नतिका लागि २ करोड ४५ लाख बजेट विनियोजन गरेको छु। तल्लो सिमाना हरियाखोला–ठुलावेसी–लिवासे सडक स्तरउन्नतिका लागि १ करोड २५ लाख विनियोजन गरेको छु।

यसका अतिरिक्त यो सडकको विभिन्न खण्डहरूमा संघीय र प्रदेश सरकारबाट विनियोजन भएको बजेटको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

४०)   गौमुखी गाउँपालिकामा निर्माणाधीन अवस्थामा रहेका पूर्वाधार योजनाहरूलाई सम्पन्न गर्न १ करोड बजेट विनियोजन गरेको छु। अधुरा पूर्वाधार योजनाहरूलाई सम्पन्न गर्न उपरोक्त बजेट खर्च हुनेछ।

४१)   उपभोक्ता समितिसँग सम्झौता भई अगाडि बढाउन बाँकी रहेका झोलुङ्गे पुलहरू तिखाचुली जिन्जाकोट झोलुङ्गे पुल, बाग्लीवाङ खोला झोलुङ्गे पुल र दोभानखोला झोलुङ्गे पुल निर्माण योजना सञ्चालन गर्न २५ लाख बजेट प्रबन्ध भएको छ। गाउँपालिकाभित्र

अत्यावश्यक झोलुङ्गे पुलहरू निर्माणका लागि प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

४२) गौमुखी गाउँपालिकाले सञ्चालन गरिरहेको "एक घर एक खानेपानी धारा" अभियान अन्तर्गत आगामी वर्ष नारीकोट लिफ्ट खानेपानी योजना सञ्चालनका लागि रु २ करोड २५ लाख बजेट विनियोजन भएको छ। बहुवर्षिय संघीय विशेष योजनाको रुपमा सञ्चालित यस खानेपानी आयोजनालाई आगामी आर्थिक वर्ष सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

त्यसैगरी नेपाल स्वास्थ्यका लागि पानी नेवासँगको साझेदारीमा विभिन्न पाँचवटा खानेपानी आयोजना कार्यान्वयन गर्न रु १ करोड ७५ लाख ४० हजार ६७१ प्रबन्ध गरिएको छ । यसका साथै विभिन्न खानेपानी आयोजनाहरूको मर्मत,सञ्चालन र दिगो व्यवस्थापनका लागि आवश्यक बजेट प्रबन्ध गरिएको छ ।

संघ र प्रदेश सरकारसँगको सहकार्य एवं समन्वयमा गाउँपालिकाका सबै घरमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने लक्ष्यका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४३) गौमुखी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा बजेट अभावका कारण भुक्तानी हुन नसकेको प्रशासकीय भवन निर्माणको दायित्व भुक्तानीका लागि रु ९३ लाख बिनियोजन गरेको छु ।

४४) गाउँपालिकाको प्रस्ताव अनुसार लुम्बिनी प्रदेश सरकारबाट विशेष योजनाको रुपमा स्वीकृत आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न गरिनेछ । यस योजनाको लागि २२ लाख बजेट प्रबन्ध भएको छ । गौमुखी गाउँपालिका अन्तर्गत सिरुङखोला-रजवारा-लामिबगर-दोभान मोटरबाटो स्तर उन्नतीका लागि १५ लाख, बाग्लिवाङ-फुर्सेधारा-झाकृढुङ्गा सडकका

लागि १५ लाख र लिवाङ बुक्तिचौर सडक स्तर उन्नतीका लागि रु १० लाख  बजेट प्रस्ताव गरेको छु ।

४५)   गौमुखी गाउँपालिकालाई साना जलविद्युत आयोजनाहरूको हबको रुपमा विकास गर्न गाउँपालिकाले लिएको नीति अनुसार एक मेगावाट सम्मका आयोजनाहरूमा लगानी गर्न इच्छुक लगानीकर्ताहरूसँग समन्वय र सहजीकरण गरी जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन र कार्यान्वयन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ ।

## वन,वातावरण तथा विपद व्यवस्थापन

४६)   विपदबाट हुने सम्भावित जोखिम न्यूनीकरण,  विपद प्रतिकार्य योजना निर्माण,  उद्धार, राहत, र पुनर्स्थापना सम्बन्धी तयारी लगायतका कार्यक्रमहरु सञ्चालन गर्न विपद व्यवस्थापन शीर्षकमा २० लाख विनियोजन गरेको छु । उच्च पहाडी क्षेत्रमा चत्याङका कारणले भइरहेको धनजनको क्षति न्यूनीकरण गर्न गाउँपालिकाबासीलाई आआफ्नो घरमा अर्थिङ गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । प्रदेश र सङ्घ सरकारसँग चट्याङ प्रतिरोधी प्रविधि जडान गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

४७)   हावाहुरी,  आगलागी,  बाढीपहिरो चट्याङ जस्ता विपदजन्य घटनाहरूबाट आवासीय घरहरूमा हुने क्षति परिपूरण एवं राहतका लागि कच्ची घरबीमा कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमको लागि रु १० लाख विनियोजन गरेको छु । विद्यालय स्वास्थ्य संस्था सामुदायिक भवन जस्ता सार्वजनिक सम्पत्तिहरुको पनि बीमा गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ ।

४८)  स्थानीय समुदाय र सङ्घ संस्थाहरूसँगको सहकार्यमा फोहोरमैला व्यवस्थापन, फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४९) डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासङ्घ, स्थानीय समुदाय लगायत सरोकारवाला पक्षसँग सहकार्य गरी वन तथा जडिबुटी संरक्षण, लगायतका क्रियाकलापहरु सञ्चालन गर्न वन तथा वातावरण प्रवर्धन शीर्षकमा रु ३ लाख विनियोजन गरेको छु।

५०)  वन्यजन्तु र जडीबुटीको संरक्षण, चोरी सिकारी तथा चोरी निकासी नियन्त्रण जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ।

५१)  सामुदायिक,कबुलियती र निजी वन तथा जग्गाहरूमा टिमुर खेती गरी टिमुर पकेट क्षेत्र विस्तार गर्न रु. ७ लाख विनियोजन गरेको छु।

## सुशासन, सेवा प्रवाह र संस्थागत विकास

५२)  गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी, सरल र सहज, सेवाग्राहीमैत्री एवं विश्वसनीय बनाउँदै सुशासन कायम गर्न, नागरिक बडापत्र, सार्वजनिक सुनवाई,सामाजिक परीक्षण, गुनासो सुनुवाई तथा व्यवस्थापन प्रणाली जस्ता विषयहरू सुधार गर्न, गाउँपालिकामा नागरिकता सहायता कक्ष सञ्चालन गर्न आवश्यक बजेट प्रबन्ध गरिएको छ।

५३)  सार्वजनिक वित्तीय अनुशासन, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रणका लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । गाउँपालिकाबाट सञ्चालित योजनाहरूलाई प्रभावकारी नतिजा सूचक र परिणाममुखी अनुगमन मूल्याङ्कन प्रणाली अवलम्बन गरि प्रभावकारी बनाइनेछ । यस्का लागि बजेट प्रबन्ध गरिएको छ ।

५४)  आर्थिक वर्ष ०८३/०८४ मा गौमुखी गाउँपालिकाको बेरुजु फछर्यौट वर्षको रुपमा कार्य गर्ने गाउँपालिकाको नीति कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । आन्तरिक लेखा परीक्षण शाखा, लेखा शाखा, सार्वजनिक लेखा समितिको क्षमता विकाससहित जिम्मेवार बनाउँदै मलेपको प्रतिबेदनमा उल्लेखित बेरुजु फछर्यौट गरि सम्परिक्षण र लगतकट्टा गर्न,वार्षिक खरिद योजना निर्माण,उपभोक्ता अभिमुखीकरण,कर्मचारी तालिम लगायतका क्रियाकलाप सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५५)  गाउँपालिका र मातहतका कार्यालयहरूमा नियुक्त स्थायी र अस्थायी करार सेवाका कर्मचारीहरूको तलबमानमा १०% वृद्धि गरिएको छ । नेपाल सरकारले गरेको कानुनी व्यवस्थाअनुसार हुनेगरी ११% थप प्रोत्साहनको लागि बजेट व्यवस्था गरिएको छ । गाउँपालिका अन्तर्गतका कर्मचारीहरूको तलब, महङ्गी भत्ता र स्थानीय भत्ता समेत गरी तलब भत्ता शीर्षकमा ४ करोड ९ लाख २० हजार विनियोजन गरेको छु ।

५६)  गाउँपालिकामा कार्यरत सबै स्थायी र अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित निवृत्तिभरण र सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ । उक्त कोषमा गाउँपालिकाबाट जम्मा गर्नुपर्ने दायित्व रकम रु ४० लाख विनियोजन गरेको छु ।

५७) गाउँपालिका अन्तर्गत करार सेवामा अस्थायी रुपमा कार्यरत सबै कर्मचारीहरूको करार अवधि २०८३ पौष मसान्तसम्मको लागि थप गरेको छु । कर्मचारीहरूको कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली, प्रोत्साहन, पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ। उत्कृष्ट कर्मचारी, उत्कृष्ट शिक्षक, उत्कृष्ट उपभोक्ता समिति, उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत र सम्मान गर्न आवश्यक बजेटको प्रबन्ध गरिएको छ ।

५८) बस्ती र टोल स्तरका विभिन्न समस्याहरूलाई समाधान गर्न एवं स्थानीय सरकार र समुदायबीचको सम्बन्धलाई जीवन्त बनाई विकास क्रियाकलापहरुलाई नागरिक मैत्री, प्रभावकारी र छरितो बनाउन टोल विकास संस्था स्थापना गर्ने गाउँपालिकाको नीतिलाई कार्यान्वयन गरिनेछ । टोल विकास संस्था गठन र सञ्चालनका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय अब म राजस्व परिचालन सम्बन्धी कार्यक्रम प्रस्तुत गर्दछु ।

राजस्व परिचालन

५९) गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाभित्र

सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरूलाई अनिवार्य दर्ता र नवीकरण प्रक्रियालाई अभियानात्मक रुपमा सञ्चालन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु ।

६०) स्थानीय कर प्रणालीलाई करदाता मैत्री बनाउँदै करका दायराहरूलाई फराकिलो बनाइनेछ । आन्तरिक राजस्वमा वृद्धि गर्न गाउँपालिकाको आर्थिक ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । नदीजन्य पदार्थबाट सङ्कलन भएको राजस्व विभाज्यकोषमा जम्मा गरी ६०% स्थानीय सञ्चित कोष र ४०% लुम्बिनी प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गरेको छु। आगामी आर्थिक वर्षको श्रावण १ गतेदेखि लागू हुने स्थानीय करको दर सम्बन्धी व्यवस्था बजेट वक्तव्यको आर्थिक ऐनको अनुसूचीमा उल्लेख गरिएको छ ।

६१) राजस्व परामर्श समितिको निर्णय एवं सिफारिसका आधारमा गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८३/८४ मा आन्तरिक आय सम्बन्धी देहायको प्रस्ताव गरेको छु ।

६२) गाउँपालिकाको करको दर र शुल्क सम्बन्धी नीति आर्थिक विधेयक र विषयगत क्षेत्रगत बजेट बाँडफाँट आयव्यय अनुमान समावेश विनियोजन विधेयक बजेट वक्तव्यको अनुसूचीमा समावेश गरिएको छ ।

सभाध्यक्ष महोदय

गाउँसभाका सदस्यज्यूहरू

६३) अब म गौमुखी गाउँपालिका गाउँसभाको एक्काइसौं अधिवेशनको पहिलो बैठकबाट पारित भएको गौमुखी गाउँपालिकाको आर्थिक वर्ष ०८३/८४ को वार्षिक नीति कार्यक्रम र योजनाहरू कार्यान्वयन गर्न आवश्यक बजेटको स्रोत अनुमान प्रस्तुत गर्दछु आगामी आर्थिक वर्षको वार्षिक नीति कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ५२ करोड ४ लाख ७२ हजार खर्च हुने अनुमान गरेको छु । सामाजिक सुरक्षा तर्फको खर्च अनुमान समेत जोड्दा गौमुखी गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को कुल बजेट ६४ करोड ४ लाख ७२ हजार प्रस्ताव गरेको छु ।

आय तर्फ

संघीय सरकारबाट प्राप्त हुने अनुदान

१) वित्तीय समानीकरण अनुदान ९ करोड ६३ लाख

२) संघीय राजस्व बाँडफाँटबाट प्राप्त हुने अनुदान १० करोड १३ लाख ६४ हजार

३) संघीय समपुरक अनुदान १ करोड ८९ लाख

४) संघीय विशेष अनुदान २ करोड२५ लाख

५) संघीय सशर्त अनुदान २२ करोड ३२ लाख

जम्मा ४६ करोड २२ लाख ६४ हजार

६) सामाजिक सुरक्षा भत्ता १२ करोड

प्रदेश सरकारबाट प्राप्त हुने अनुदान

१) प्रदेश सरकार प्रदेश समानीकरण अनुदान ६४ लाख ७ हजार

२) प्रदेश राजस्व बाँडफाँड ९४ लाख ५१ हजार

३) प्रदेश समपुरक अनुदान ७५ लाख

४) प्रदेश विशेष अनुदान २२ लाख

५) प्रदेश सशर्त अनुदान ७५ लाख ५० हजार

जम्मा ३ करोड ३१ लाख ८ हजार

गौमुखी गाउँपालिकाको आन्तरिक आम्दामी रु १ करोड २१ लाख संकलन हुने अनुमान गरेको छु । उपरोक्त स्रोतबाट अपुग हुने दायित्व चालु आर्थिक वर्षमा खर्च हुन नसकी बचत भएको रकम मात्र व्यहोर्ने व्यवस्था प्रस्ताव गरेको छु ।

गाउँसभाका अध्यक्षज्यू

गाउँसभाका सदस्यज्यूहरू

गौमुखी गाउँपालिका गाउँसभाको एक्काइसौँ अधिवेशनको पहिलो बैठकले सर्वसम्मत रुपमा पारित गरेको गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८३/८४ वार्षिक नीति तथा कार्यक्रमको सफल एवं प्रभावकारी कार्यान्वयन हामी सबैको साझा जिम्मेवारी र दायित्व हो ।

गाउँपालिकाको नीति कार्यक्रमले निर्धारण गरेको लक्ष्य प्राप्त गर्न मन,वचन र कर्मले सम्पुर्ण क्षमता र उत्साहका साथ लागौँ। हाम्रो नीति, कार्यक्रम र बजेटको अन्तिम उद्देश्य भनेको गौमुखीवासीको हित, गौमुखीको विकास र समृद्धि नै हो। यही उद्देश्यतर्फ परिलक्षित नीति कार्यक्रम र बजेटलाई सफलतापूर्वक कार्यान्वयन गर्न आआफ्नो कर्तब्य र जिम्मेवारी पूरा गरौं ।

अन्तमा गौमुखी गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न नेतृत्व एवं मार्गदर्शन गर्नुहुने गौमुखी गाउँपालिकाका आदरणीय अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत राष्ट्रसेवक कर्मचारीहरु, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समितिहरु,महत्त्वपूर्ण सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने विभिन्न राजनीतिक दल,निजी क्षेत्र,नागरिक समाज,संचारकर्मी लगायत आम गौमुखीबासी दिदीबहिनी

दाजुभाईहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र गौमुखी गाउँपालिकाको नीति,कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि हातेमालो,सहयोग र सहकार्यको लागि आव्हान गर्दछु ।

धन्यावाद ।

जय गौमुखी